**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १९ गते मंगलबार ❑ 2 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पूर्वाधारमन्त्री लम्सालद्वारा सेती पुल निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ



नेपाल सरकारका पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले पोखराको सेतीनदीमाथि निर्माणाधीन सिग्नेचर पुल निर्माणको काममा कुनै पनि बहानाबाजी नगरी निर्धारित समयमै सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिनुभएको छ।

पोखरा-मुग्लिन सडक आयोजना अन्तर्गत पृथ्वीचोकमा रहेको सेतीनदीमाथि निर्माण भइरहेको पुलको प्रगति बुझ्न मन्त्री लम्साल सोमबार स्थलगत अवलोकनमा आउनु भएको हो । विशेषगरी स्थानीय अवरोधका कारण प्रभावित उत्तरतर्फको पुलको अवस्था निरीक्षण गर्दै उहाँले आयोजना सम्पन्न गर्न देखिएका समस्या तत्काल समाधानका लागि सरकार आवश्यक सहयोग गर्न तयार रहेको उल्लेख गर्दै निर्माण कम्पनीलाई अब थपिएको समय सिमा भित्र कुनै पनि बहाना बाजी नगरी सम्पन्न गर्न निर्देशन दिनु भएको हो।

अवलोकनका क्रममा मन्त्री लम्सालले निर्माण व्यवसायीलाई ढिलासुस्ती नगर्न आग्रह गर्दै तोकिएको समयसीमाभित्र पुल निर्माण सम्पन्न गर्न अनुरोध गर्नुभयो । उहाँसँगै पर्यटन मन्त्री गनेस पौडेल, कास्कीकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा तथा आयोजना र निर्माण कम्पनीका प्रतिनिधिहरू समेत सहभागी रहेको थियो । आयोजनाको सरकारी तथ्यांक अनुसार हालसम्म पुल निर्माणको भौतिक प्रगति ६०.१४ प्रतिशत र वित्तीय प्रगति ५४.७५ प्रतिशत पुगेको छ।

तर निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सन प्रालिले भने समग्र आयोजनाको प्रगति करिब ७० प्रतिशत पुगेको दाबी गरेको छ। निर्माण कम्पनीका प्रतिनिधि सुदर्शन देवकोटाका अनुसार समान लम्बाइका दुईमध्ये दक्षिणतर्फको पुलको निर्माण करिब ७० प्रतिशत सम्पन्न भइसकेको छ । चीनबाट आवश्यक केबलहरू आएकाले मुख्य संरचनाको काम तीव्र रूपमा अघि बढिरहेको र दक्षिणतर्फको पुल आगामी दशैंसम्म सञ्चालनयोग्य बनाउने लक्ष्य रहेको उहाँले बताउनुभयो । तर उत्तरतर्फको पुल निर्माण भने स्थानीय अवरोधका कारण प्रभावित भएको छ। पुल क्षेत्रभित्र पर्ने दुई निजी घर तथा अन्य संरचनाको मुआब्जा विवाद समाधान हुन नसक्दा उक्त भागमा निर्माण कार्य अपेक्षित गतिमा अघि बढ्न सकेको छैन । हाल उत्तरतर्फको पुलको निर्माण प्रगति करिब ६० प्रतिशत पुगेको निर्माण पक्षले जनाएको छ । कास्कीकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालि विवादित घरधनीसँग एक साताभित्र संरचना हटाउने सहमति भएको जानकारी दिँदै सहमति कार्यान्वयन नभए कानुनी प्रक्रिया अनुसार हटाइने चेतावनी दिनु भएको छ। अब मुआब्जा तथा संरचना व्यवस्थापनका कारण निर्माण कार्य अवरुद्ध हुन नदिने उहाँले जनाउनु भयो।

निर्माण कम्पनीले पछिल्लो समय पेट्रोलियम पदार्थ तथा निर्माण सामग्रीको मूल्य ३५ देखि ५० प्रतिशतसम्म बढेकाले लागत व्यवस्थापनमा कठिनाइ भएको जनाएको छ। मूल्य समायोजनको व्यवस्था भए निर्माण कार्य थप तीव्र गतिमा अघि बढाउन सकिने निर्माण कम्पनीका प्रतिनिधि देवकोटाले बताउनुभयो। अन्यथा हालको आर्थिक अवस्थामा निर्माण सामग्री खरिद र कार्य सञ्चालनमा चुनौती बढ्दै गएको उहाँको भनाइ छ। उक्त परियोजना सुरु गर्दा प्रति लिटर डिजेलको मुल्य १४७ रहेको तर हाल उक्त मुल्य बढेर २ सय २४ पुगेकोले सोही अनुसारको निर्माण सामाग्रिमा भारी मुल्य बृद्धि भएकोले राज्यले यसको समायोजन गर्नुपर्ने निर्माण कम्पनीको माग रहेको छ।

एसियाली विकास बैंक (एडीबी) को सहयोगमा निर्माण भइरहेको यो पुल नेपालकै नमूना 'केबल-स्टेड' अर्थात् सिग्नेचर पुलका रूपमा विकास भइरहेको छ। दुईवटै पुल १९०-१९० मिटर लम्बाइका हुनेछन् भने सवार ीसाधन र पैदल यात्रु दुवैका लागि आधुनिक सुविधासहित निर्माण भइरहेका छन् । २०७९ साउन २६ गते सम्झौता भएको यो आयोजनाको निर्माण अवधि विभिन्न कारणले दुई पटक थप भइसकेको छ । संशोधित कार्यतालिका अनुसार आगामी २०८३ चैतभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । पुल सञ्चालनमा आएपछि पृथ्वीचोक क्षेत्रमा हुने ट्राफिक जाम व्यवस्थापनमा ठूलो राहत पुग्ने अपेक्षा गरिएको छ।

विशेषगरी पोखरा रंगशालामा ठूला खेलकुद प्रतियोगिता सञ्चालन हुँदा हुने सवारी चाप व्यवस्थापनमा समेत पुलले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ। साथै पोखराको नयाँ पहिचानका रूपमा स्थापित हुने यो सिग्नेचर पुलले पर्यटकीय आकर्षण थप बढाउने अपेक्षा गरिएको छ।

## अधुरा आयोजनाका लागि बजेट निर्माण गर्न सिफारिस

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

जिल्ला समन्वय समिति कास्कीले जिल्लाभित्र प्रदेश सरकार मातहत सञ्चालित अधुरा आयोजनालाई राखी बजेट निर्माण गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरेको छ।

समितिको सोमबार सम्पन्न ४९औं विशेष बैठकले गण्डकी प्रदेश सरकारले प्रारम्भ गरेका सडक निर्माणमा बहुवर्षीय योजनामा समावेश गरी केही निर्माण पूरा नभएका, त्यसै अलपत्र छोडिएका आयोजनालाई प्राथमिकतामा बजेट निर्माण गर्न सरकारलाई सिफारिस गर्ने निर्णय गरेको हो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले यस्ता १४ वटा बहुवर्षीय सडक आयोजना रहेका बताउनुभयो । उहाँका अनुसार आगामी आर्थिक वर्षको बजेटमा योजना पूरा गर्न प्राथमिकताका साथ बजेटमा समावेश गर्न सिफारिस गरिएका सडका फूर्सेखोला-खाल्से माछापुच्छ्रे भ्यूपोइन्ट सडक, काउँखोला-सिक्लेस सडक, कालबाङ-भुम्दी-चिसापानी-उल्लेरी सडक, लुम्लेपाले-खेत-टाँडी-भिचुक-घान्द्रुक सडक रहेका छन्।

राम्दी-मट्टीखान- फेदीखोला-सडक, लाहाचोक-समिवगर हुँदै हाइड्रोपावर सडक, सौर्य भगवतीटार हुँदै मिजुरे सडक, थुम्सीकोट भाचोक सडक, मादी भगवती हुँदै वारचोक सडक, इदिखोला हुँदै वडा कार्यालय जाने सडक, घाचोक हुँदै ताङतिङ सडक मादी, गहते हुँदै रबैडाँडा सडक, घिमिरेथर आपुखोला भोर्ले हुँदै कालभञ्याङ सडक, बेशी हडौले भुसुने हुँदै धम्पुस सडक खण्ड सिफारिस गरिएको उहाँले बताउनुभयो। त्यस्तै बैठकले बर्सेनि वनजङ्गलमा निःशुल्क रूपमा प्राप्त हुने पतिङ्गरको प्रयोग गरी प्राङ्गारिक मल उत्पादन गर्न, कृषक, समुदायलाई अनुदानको व्यवस्थामार्फत पूरै जङ्गललाई पतभर झाडीमुक्त बनाइ परम्परागत रूपमा जङ्गलमा पाइने तिजु, काफल, दमौरो, गिट्ठा, भ्याकुर, वनतरुलको संरक्षण गर्न, बर्सेनि जङ्गलमा लाग्ने डढेलोका कारणले नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक सुरक्षित गर्न नीति तथा कार्यक्रममा उक्त विषय समावेश गरी बजेटको व्यवस्था गर्न प्रदेश सरकारलाई आग्रह गरेको छ । बैठकले नागरिकलाई सुशासनको प्रत्याभूति गराउन बहुवर्षीय योजना सम्पन्न नगरी नयाँ योजना समावेश नगर्न कार्यक्रम स्वीकृत तथा बजेट विनियोजन नगर्न सरकारलाई आग्रह गरेको छ। साथै आजको बैठकले कास्कीको नवौं जिल्लासभा जेठ २९ गते गर्ने निर्णय गरेको जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो।

## अमेरिका-नेपाल साझेदारी विस्तारमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ



संयुक्त राज्य अमेरिकाका सार्वजनिक कूटनीतिसम्बन्धी उपविदेशमन्त्री सारा बी रोजर्सले नेपाललाई अमेरिकाले महत्वपूर्ण साझेदारका रूपमा हेरेको बताउँदै द्विपक्षीय साझेदारी विस्तारमा जोड दिनुभएको छ।

सोमबार यहाँ सञ्चारकर्मीसँग भएको छलफलमा उहाँले ५५ करोड अमेरिकी डलर बराबरको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमससी) कम्प्याक्टलाई नेपालको अर्थतन्त्र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अन्नपूर्ण आरोहण दिवसमा नारच्याङदेखि आधार शिविरसम्म कार्यक्रम

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ जेठ



म्याग्दीमा पर्ने अन्नपूर्ण हिमालको फेदीमा रहेको नारच्याङमा आजदेखि ७६औँ आरोहण दिवस मनाउन सुरु गरिएको छ । म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा पर्ने आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा विविध कार्यक्रमका साथ आरोहण दिवस मनाउन थालिएको हो।

अन्नपूर्ण-४ का वडा सदस्य श्याम पुर्जाले दिवसको अवसरमा आयोजित दोस्रो अन्नपूर्ण हेर्जोग दौड प्रतियोगिता सहभागी हुने धावकहरू आज नारच्याङबाट आधार शिविरतर्फ प्रस्थान गरेका जानकारी दिनुभयो। "चार महिला र नौ जना पुरुष धावकसहित हुमखोलाबाट आधार शिविर पदयात्रामा सहभागीलाई बिदाई गरेर दिवसको सुरुवात गरेका छौँ", उहाँले भन्नुभयो, "यही जेठ २० गते आधार शिविरबाट नारच्याङसम्म ३६ किलोमिटर दूरीमा दौड, सांस्कृतिक कार्यक्रम र पुरस्कार वितरण समारोह गरेर दिवसको समापन गरिनेछ।"


दौड प्रतियोगितामा सहभागी हुनेको सङ्ख्या थपिँदै गएका वडा सदस्य पुर्जाले बताउनुभयो । खुला दौड प्रतियोगितामा विजेतालाई रु एक लाख, उपविजेतालाई रु ६० हजार, तेस्रोलाई रु ३५ हजार र चौथो स्थान हासिल गर्ने तीन जनालाई जनही रु १० हजार नगद पुरस्कारको व्यवस्था गरिएको अन्नपूर्ण गाउँपालिका-४ का वडअध्यक्ष लोकबहादुर फगामीले जानकारी दिनुभयो । नेपाल भूतपूर्व खेलाडी मञ्च र गण्डकी प्रदेश एथलेटिक्स सङ्घको प्राविधिक सहयोगमा दौड प्रतियोगिता आयोजना गरिएको हो । आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ । सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हेर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो । नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाको रूपमा आज विविध कार्यक्रम गरी अन्नपूर्ण आरोहण दिवस मनाउन लागिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

"दिवस मनाउनका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट बिनियोजन गरेको छ", उहाँले भन्नुभयो, "यसअघि काठमाडौँ, पोखरा र कास्कीको भूगोलमा पर्ने आधार शिविरमा मनाइने अन्नपूर्ण आरोहण दिवस गत वर्षदेखि सम्बन्धित भूगोलमा मनाउन थालिएको थियो।"

समुन्द्री सतहबाट चार हजार १९० मिटर उचाइमा पर्ने अन्नपूर्ण आधार शिविर पछिल्लो समय आन्तरिक पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको छ। पदमार्ग, पूर्वाधार निर्माण, खाने बस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि छोटो दुरीमा सहजै पदयात्रा गर्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको मौरिस हर्जोग पदमार्गका अभियान्त तेज गुरुङले बताउनुभयो।

नारच्याङबाट हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलाबाट आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ । दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि आकर्षक र नयाँ गन्तव्य हो । अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ। दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ।

नारच्याङका तेज गुरुङको अगुवाइमा विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो। सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले विसं २०७७ मा नक्साङ्कन र 'मौरिस हेर्जोग' नामाकरण गरेको थियो।

# फेवातालमा तेश्रो खुल्ला डुंगा दौड प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

फेवा डुंगा व्यवसायी संगठनको आयोजना तथा नेपाल पर्यटन बोर्ड, गण्डकीको प्रवर्द्धनमा पोखराको फेवातालमा तेश्रो संस्करणको पुरुष तथा महिला खुला डुंगा दौड प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा पुरुषतर्फ कुमार जलारी, गणेश जलारी र कृष्ण जलरी सम्मिलित हर्पण मत्स्य सहकारी संस्था प्रथम, टेकबहादुर जलारी, राजु जलारी र राजेन्द्र जलारी सम्मिलित हर्पन मत्स्य सहकारी संस्थाकै अर्को टोलीले दोस्रो, कपिल चौधरी, सुन्दर आले र सुदर्शन सम्मिलित बाराहीघाट समूहले तेस्रो तथा विशाल श्रेष्ठ, चित्र मगर र चन्द्र माझी सम्मिलित समूहले सान्त्वना स्थान हासिल गर्यो।



महिलातर्फ सोनी गुरुङ, दिलसुब्बा गुरुङ र सीता श्रेष्ठ सम्मिलित पहारीघाटले प्रथम, उषा गुरुङ, निर्मला गुरुङ र अस्मिता मगर सम्मिलित तालपारीले दोस्रो, अन्जना जलारी, चन्द्रमाया जलारी र पञ्चमाया जलारी सम्मिलित जलारी दिदीबहिनी समूहले तेस्रो, तथा कृष्णकुमारी कँडेल, पूर्णकला हिमाली र सीता हिमाली सम्मिलित टोलीले सान्त्वना स्थान हासिल गरेको थियो। प्रतियोगितामा महिला तथा पुरुष दुवैतर्फ प्रथमले ३० हजार, द्वितीयले २० हजार, तृतीयले १० हजार तथा सान्त्वनाले ५ हजार सहित ट्रफि,प्रमाणपत्र पुरस्कार प्राप्त गरे । विजयी खेलाडीहरुलाई आयोजक समितिका अध्यक्ष बलराम गिरी, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, खेलकुद संयोजक बत्ति गुरुङ, आर्थिक समितिका संयोजक बुद्धिनाथ पाण्डे लगायतले पुरस्कार वितरण गरे।

यसअघि पोखरा महानगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले एक समारोहका विच प्रतियोगिताको उद्घाटन गरेका थिए । सो अवसरमा वडाध्यक्ष भट्टराईले फेवातालको प्रचार-प्रसार तथा पुराना डुंगाको महत्व चिनाउन पनि प्रतियोगिता महत्वपूर्ण भएको बताए। पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पोखरामा खेल पर्यटनको विकास गर्दै पर्यटन प्रवर्द्धनका लागि पनि डुंगा दौड प्रतियोगिता कोशेढुंगा बनेको औल्याए।

नेपाल पर्यटन बोर्ड, गण्डकीका कार्यालय प्रमुख मणीराज लामिछानेले सन्देश मार्फत इभेण्टहरुको शहर पोखराको पर्यटन प्रवर्द्धनमा यो प्रतियोगिताको पनि महत्व रहेको जनाउँदै यसको निरन्तरताका लागि नेपाल पर्यटन बोर्डले सहयोग गर्ने प्रतिबद्धजा जाहेर गरे। आयोजक संस्थाका अध्यक्ष बलराम गिरीले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा फेवातालको प्रचार-प्रसार गर्दै पोखराको पर्यटन प्रवर्द्धनका लागि संस्थाले यो कार्यक्रम आयोजना गर्दै आएको बताए । उनले फेवातालका पुराना डुंगाको खास विशेषता रहेको जनाउँदै यसको संरक्षणमा सरोकारवाला पक्षले ध्यान पुर्‍याउनुपर्नेमा जोड दिए। सञ्चारकर्मी दीपेन्द्र पहारी र आयोजक समितिका शिव रुद्र जिसीले संयुक्त रुपमा सञ्चालन गरेको कार्यक्रममा समितिका बुद्धिनाथ पाण्डेले स्वागत मन्तव्य राखेका थिए।

# महिला तथा बाल कल्याण कुञ्जमा मादल तालिम

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

समाजमा चाडपर्व रमाउने, विभिन्न दिवस मनाउने तथा शिक्षा र स्वास्थ्यजस्ता सामाजिक अभियानमा सक्रिय सहभागिता जनाउँदै आएको महिला तथा बाल कल्याण कुञ्जले यसपटक महिलाको क्षमता अभिवृद्धितर्फ नयाँ कदम चालेको छ।

सोही अभियान अन्तर्गत कुञ्जले १५ दिने मादल बजाउने तालिम आइतबारदेखि सुरु गरेको हो । परम्परागत रूपमा पुरुषको प्रभुत्व रहेको मादल वादनमा महिलाको सहभागिता बढाउने उद्देश्यले सञ्चालन गरिएको यस तालिमले सहभागी महिलाहरूमा उत्साह थपेको देखिन्छ।

तालिममा सहभागी सबै महिलाहरू हर्षित र आत्मविश्वासले भरिएका छन् । उनीहरूका अनुसार अब समाजमा हुने कुनै पनि सांस्कृतिक वा सामाजिक कार्यक्रममा मादल बजाउन नजानेर कार्यक्रम रोक्नुपर्ने बाध्यता अन्त्य हुने




विश्वास गरिएको छ। तालिमले केवल सीप विकास मात्र नभई महिलाहरूमा आत्मनिर्भरता र आत्मसम्मान पनि अभिवृद्धि गराउने छ। सोमवार दिदीवहिनीहरु मादलको तालसँगै उनीहरूको आत्मविश्वास पनि गुन्जिन थालेको छ, जसले सामाजिक सहभागितामा नयाँ ऊर्जा थप्ने अपेक्षा गरिएको छ । वडा नं १३ का वडा सदस्य बलवहादुर वरालले मादल वजाएर उद्घाटन गर्दै तालिम नमिमित सहभागी हुन अनुरोध गरे । महिला तथा वाल कल्याण कञ्जकी अध्यक्ष रत्ना सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा कुञ्जका सल्लाहकार ज्ञानेन्द्रप्रसाद सिग्देलल, पृथ्वीधर सिग्देल समाजकी अध्यक्ष मैयादेवी सिग्देल, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा कुञ्जकी उपाध्यक्ष विसालक्ष्मी सिग्देलले स्वागत र सचिव सुजिता सिग्देलले कार्यक्रम संचालन गरेकी थिइन।

महिला तथा बाल कल्याण कुञ्लजले यसअघि पनि महिलाको सशक्तीकरणका लागि समय-समयमा विभिन्न रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस्ता प्रयासहरूले समुदायमा सकारात्मक परिवर्तन ल्याउनुका साथै महिलालाई अग्रपङ्क्तिमा ल्याउन महत्वपूर्ण भूमिका खेलिरहेका छन्।

# नगरपालिकाको पुनःस्थापनाको माग गर्दै साविक लेखनाथका जनप्रतिनिधिको सामूहिक उद्घोष

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

कास्की जिल्लाको साविक लेखनाथ नगरपालिकाको पुनःस्थापनाको माग सशक्त बन्दै गएको छ।

पुनःस्थापना पहल समितिको नेतृत्वमा सोमबार तालचोकस्थित साविक लेखनाथ नगरपालिका कार्यालय परिसरमा आयोजित कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. २६ देखि ३३ सम्मका जनप्रतिनिधि, स्थानीय अगुवा तथा अभियन्ताहरूले लेखनाथ नगरपालिकाको पुनःस्थापनाको पक्षमा सामूहिक उद्घोष गरेका छन्। अभियानका संयोजक एवं साविक लेखनाथ नगरपालिकाका पूर्व मेयर शालिग्राम पौडेल, सचिव मुराहरी कोइराला, दिननाथ ढकाललगायतको उपस्थितिमा आयोजित कार्यक्रममा स्थानीय तह पुनर्संरचनापछि पोखरा महानगरपालिकामा समाहित लेखनाथ क्षेत्रका नागरिकको भावना, पहिचान र विकासका आवश्यकतालाई सम्बोधन गर्न पुनः लेखनाथ नगरपालिका कायम गर्नुपर्ने धारणा व्यक्त गरिएको थियो । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. २७ का वडा अध्यक्ष पूर्णबहादुर गुरुङले महानगरको संरचनामा समाहित भएपछि लेखनाथ क्षेत्रका नागरिकले सहज रूपमा सेवा प्राप्त गर्न कठिनाइ भोग्नुपरेको, विकास निर्माणका गतिविधि अपेक्षाअनुसार अघि बढ्न नसकेको तथा जनसहभागिता कमजोर बन्दै गएको बताए । वडा नं. २९ का अध्यक्ष श्रीप्रसाद गुरुङले स्थानीय तह पुनर्संरचनापछि आधारभूत सेवाको पहुँचमा जटिलता थपिएको उल्लेख गर्दै नागरिकलाई सुलभ, प्रभावकारी तथा पहुँचयुक्त सेवा प्रदान गर्न साविक लेखनाथ नगरपालिकाको पुनःस्थापना अपरिहार्य रहेको बताए । त्यसैगरी वडा नं. ३० का अध्यक्ष दुर्गाप्रसाद सुवेदीले पुनःस्थापनाको औचित्य पुष्टि गर्न स्थानीय स्तरमा आवश्यक अधिकांश प्रक्रिया पूरा भइसकेको जानकारी दिँदै अब संघीय सरकारको मुख्य भूमिका रहने बताए। अभियानलाई थप प्रभावकारी बनाउन संघीय तहमा समेत समन्वय र दबाबमूलक पहल गरिने उनको भनाइ थियो।

वडा नं. ३१ का अध्यक्ष ढकनाथ कँडेलले सात तालको नगरका रूपमा परिचित लेखनाथको दिगो विकासका लागि प्रक्रिया अनुरूप अघि बढ्न सुझाव दिँदै पुनःस्थापनाको अभियानलाई निरन्तरता दिन आग्रह गरे । वडा नं. ३२ का अध्यक्ष अक्कलबहादुर कार्कीले सेतीपारि रहेको लेखनाथ क्षेत्रप्रति महानगरपालिकाबाट आर्थिक, प्रशासनिक तथा मनोवैज्ञानिक रूपमा विभेदपूर्ण व्यवहार भइरहेको अनुभूति स्थानीयवासीले गरिरहेको दाबी गरे । बैठकले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको संख्या तथा सिमाना हेरफेर गर्न सकिने कानुनी व्यवस्था रहेको निष्कर्ष निकाल्दै पुनःस्थापनाको प्रक्रिया अघि बढाउन सम्बन्धित निकायसँग माग गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ३ को उपदफा ३ अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यपालिकाबाट प्रस्ताव पारित गरी आवश्यक प्रक्रिया अगाडि बढाउन सकिने व्यवस्था रहेको उल्लेख गरिएको छ। पुनःस्थापना पहल समितिका संयोजक शालिग्राम पौडेलले स्थानीय तह पुनर्संरचनाको उद्देश्य धेरै हदसम्म पूरा भए पनि स्थानीय जनताको भावना, ऐतिहासिक पहिचान र विकासका आवश्यकतालाई मध्यनजर गर्दै लेखनाथ नगरपालिकाको पुनःस्थापना आवश्यक भएको बताए । प्रशासनिक सहजता, विकासको सन्तुलन तथा ऐतिहासिक पहिचानको संरक्षणका लागि लेखनाथलाई पुनः छुट्टै नगरपालिका बनाइनुपर्ने उनको धारणा थियो। समितिले पोखरा महानगरपालिकाको कार्यपालिका बैठकबाट आवश्यक प्रस्ताव पारित गरी प्रक्रिया अगाडि बढाउन आग्रह गरेको छ। साथै आगामी दिनमा अन्तरक्रिया, जनभेला तथा जनसरोकारका विभिन्न कार्यक्रमलाई निरन्तरता दिँदै पुनःस्थापनाको पक्षमा जनमत थप सशक्त बनाइने जनाएको छ। हालसम्म सञ्चालन गरिएका गतिविधिहरूको विवरणसमेत सम्बन्धित निकायमा पेश गरिएको समितिले जनाएको छ।

# अमेरिका ...

र ऊर्जा क्षेत्रका लागि महत्वपूर्ण लगानीका रूपमा उल्लेख गर्दै यसमार्फत दुई देशबीचको साझेदारी अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो । गत वर्ष एक लाख १२ हजार अमेरिकी पर्यटक नेपाल भ्रमणमा आएका जानकारी दिँदै उहाँले अमेरिकालाई नेपालको दोस्रो ठूलो पर्यटक स्रोत बजारका रूपमा चित्रण गर्नुभयो। नेपालमा नवप्रवर्तन र आर्थिक वृद्धिको ठूलो सम्भावना रहेको बताउँदै उहाँले लगानी, व्यवसाय सञ्चालन र नवप्रवर्तनका लागि वातावरण थप अनुकूल बन्दै जाँदा अमेरिकी कम्पनीहरू नेपालका अझ बलिया साझेदार बन्न सक्ने धारणा व्यक्त गर्नुभयो । उहाँले नेपालको सार्वभौमसत्ता, आर्थिक वृद्धि तथा साझा समृद्धिलाई सहयोग गर्न नेपाल सरकार र नेपाली जनतासँगको साझेदारी अझ मजबुत बनाउन अमेरिका प्रतिबद्ध रहेको बताउनुभयो।

परराष्ट्रमन्त्री शिशिर खनाल तथा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासँग भेट गरी आर्थिक सम्बन्ध सुदृढीकरण, व्यापारिक वातावरण सुधार तथा डिजिटल पहुँच विस्तारलगायत विषयमा आफूले छलफल गरेको उहाँले जानकारी दिनुभयो।

आइतबार यहाँ भएको 'एसेन्ट समिट' मा मुख्य वक्ताका रूपमा आफ्ना विचार प्रस्तुत गर्न पाउँदा आफ्ना लागि अवसरमा भएको बताउँदै उहाँले उक्त कार्यक्रममा नेपाली तथा अमेरिकी कम्पनी, पर्वतारोही र नवप्रवर्तकहरूले हिमालय क्षेत्रमा साहसिक पर्यटन र प्रविधिको भविष्यबारे छलफल भएको जानकारी दिनुभयो। उपविदेशमन्त्री रोजर्सले पाटन दरबार क्षेत्रको भ्रमण गरेर त्यहाँ रहेका सम्पदाको अभिरुचिपूर्वक अवलोकन पनि गर्नुभएको थियो।

# रास्वपा सभापति लामिछाने भारत प्रस्थान

रासस
काठमाडौं, १ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने भारत प्रस्थान गर्नुभएको छ।

भारतीय जनता पार्टीको निमन्त्रणमा सभापति लामिछाने पाँचदिने भ्रमणका क्रममा सोमबार त्यसतर्फ प्रस्थान गर्नुभएको हो । रास्वपाको नेतृत्वमा सरकार गठन भएपछि पार्टीका तर्फबाट नेतृत्व गर्दै उहाँ भारतको नयाँदिल्लीतर्फ प्रस्थान गर्नुभएको हो।

सभापति लामिछानेको भ्रमण दलमा श्रीमती निकिता पौडेल,



पार्टीका सहमहामन्त्री विपिनकुमार आचार्य, विदेश विभाग प्रमुख दीपक बोहरा र स्वकीय सचिव प्रदीप आचार्य हुनुहुन्छ। प्रतिनिधिसभामा करिब दुई तिहाइको सङ्ख्या रहेको सत्तारूढ पार्टीका सभापति लामिछानेको यस किसिमको औपचारिक भ्रमणबाट नेपाल र भारतबीचको सम्बन्ध अझ सुमधुर र प्रगाढ हुने विश्वास गरिएको छ।

**बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।**

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खाने कुरा घटाऔं,
- नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- हातधुन र सरसफाइ गर्न सिकाऔं,
- पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- मोबाइल/स्क्रिन समय सीमित गरौ,
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं।

स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

# म्याग्दीले जित्यो दोस्रो पोखरा कप पुरुष बास्केटबल प्रतियोगिताको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

म्याग्दी जिल्लाले दोस्रो पोखरा कप पुरुष बास्केटबल प्रतियोगिताको उपाधि जितेको छ।

गण्डकी बास्केटबल संघको आयोजनामा पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा आज (सोमबार) सम्पन्न प्रतियोगिताको फाइनल खेलमा म्याग्दीले पर्वतलाई ८०-७३ अंकले पराजित गर्दै उपाधि चुमेको हो। प्रतियोगितामा बिजेता टिम म्याग्दीले नगद रु ५० हजार तथा उपविजेता पर्वतले नगद रु ३० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । यसअघि भएको पहिलो सेमिफाइनलमा पर्वतले तनहुँलाई ४९-२५ अंकले पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो । दोस्रो सेमिफाइनलमा म्याग्दीले कास्कीलाई ५८-३७ अंकले हराउँदै उपाधि भिडन्तमा स्थान सुरक्षित गरेको थियो । प्रतियोगितामा पर्वतका उत्तम पुन हाइएस्ट स्कोरर घोषित हुनु भयो म्याग्दीका पुस्कल छन्त्याल प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी (एमभीपी) बन्न सफल हुनुभयो। प्रतियोगितामा बिजेता टिम तथा खेलाडीलाई गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरूङले लगायतले नगद, ट्रफी तथा मेडल वितरण गर्नुभयो।

कार्यक्रममा संघकी उपाध्यक्ष कौशल्या गुरुङ महासचिव विष्णु गुरुङ र प्रतियोगिताका संयोजक कृपास्वर गुरुङ लगायतले वोल्नु भएको थियो। प्रतियोगिताले गण्डकी प्रदेशमा बास्केटबल खेलको विकास र खेलाडीहरूको प्रतिभा उजागर गर्न महत्वपूर्ण योगदान पुर्‍याएको संघका अध्यक्ष धोज कुमार गुरूङले बताउनु भयो । लिग कम नक आउटका आधारमा भएको प्रतियोगितामा कास्की, तनहुँ, लमजुङ, पर्वत, म्याग्दी र स्याङजाको सहभागिता रहेको संघका कोषाध्यक्ष दिलिप गुरूङले बताउनु भयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# संविधान भन्दा संसदको नियमावली ठूलो होइन

संसद बैठक संचालनका लागि बनाइएको नियमावली विपक्षीदलहरूको विरोधका बाबजुद पारित गराउनु संसदको बैठकलाई निरश बनाउने काम हो । प्रतिपक्षको विरोधकाबिच सभामुख डोलप्रसाद अर्यालले जबरजस्ती संसद्को नियमावली पारित गरेपछि सभामुखको कार्यक्षमता झल्काउने काम भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले संविधान भन्दा बाहिर गएर प्रतिनिधिसभा नियमावली बनाएपछि विपक्षीहरु अदालत जानेबारे आन्तरिक छलफलमा जुटेका छन् ।

सोमबार बिहान बसेको विपक्षी दलको बैठकमा यसबारे कुराकानी भएको नेताहरूले बताएका छन् । कांग्रेस संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको प्रतिपक्षी दलहरूको बैठकले पारित नियमावलीप्रति असहमति जनाउँदै सर्वोच्च अदालत जानेबारे छलफल गरेको एमाले प्रमुख सचेतक ऐन महरले जानकारी दिएका छन । काङ्ग्रेस सभापति गगन कुमार थापाले पनि संविधान र सर्वोच्च अदालतभन्दा माथि प्रतिनिधिसभा नियमावली हुन नसक्ने भन्दै अदालत जाने संकेत गरेका छन ।

आइतबारको बैठकमा विपक्षीहरुले विरोध गरिरहँदा 'जबरजस्ती गरेर त्यो पनि संविधानभन्दा माथि हुने गरी नियमावली पारित गरिएको थियो । 'प्रतिनिधि सभाका सदस्यहरूलाई विशेष अधिकार दिने गरी गरिएको नियमावलीको नियम २५९ को व्यवस्थाप्रति विपक्षी दलहरूको असहमति छासुशासनको नारा दिने रास्वपाले भ्रष्टाचारबाट सांसदलाई उन्मुक्ति दिने नियमावली पारित गरेर आफ्नै मान्यता विपरीत गएको छ। विपक्षीको विरोध र नाराबाजीकैबिच आइतबारको प्रतिनिधि सभा बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधि सभा नियमावली २०८३ पारित भएको घोषणा गरेका थिए। बहुमतको नाममा गरिएको बल मिच्याईं हो ।

सामान्यतया संसद्लाई नियमन र व्यवस्थित गर्ने नियमावली सर्वसम्मतिमा पारित गर्ने गरिन्छ। यदि नियमावलीको विषयवस्तुमा सर्वसहमति हुन नसकेमा प्रक्रियामा भए पनि सर्वसहमति खोजिने संसदीय अभ्यास छासंसदीय अभ्यास र अन्तर्राष्ट्रिय प्रचलनलाई भत्काउँदै सभामुख अर्यालले विपक्षी दलहरूको बेल घेराउकाबिच नियमावली पारित गरेका थिए । सभामुखले हतारहतार जे घोषणा सार्वजनिक गराउन खोजेका थिए ती संसदीय प्रणाली नमान्ने बाटोमा छ ।

संविधानसँग बाझिएको विषयमा कानुनी प्रश्न उठ्ने भएकाले सोही अनुसार अघि बढ्न लागेको बताए । सांसद शर्माले कानुनी उपचारका लागि अदालत जाने कि नजाने भन्नेबारेमा सोमबार बेलुका पार्टी संसदीय दलको बैठक बोलाएर निर्णय गर्न लागिएको बताए । 'संविधान र कानुनभन्दा माथि कोही हुन सक्दैन। संविधानसँग बाँझिएको विषयमा कानुनी प्रश्न उठ्छ नैछ । 'संविधान र कानुन मिचेर सभामुखले जसरी संसद्को नियमावली पारित गरत्यो बेठिक छ । यसबारे छलफल गरेर जाने वातावरण बनाउनु जरुरी छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मिस नेपाल २०२६ को खोजी पोखराबाट

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

नेपालको प्रतिष्ठित सौन्दर्य प्रतियोगिता 'मिस नेपाल २०२६' का लागि प्रतिभा खोज अभियानअन्तर्गत मंगलबार पोखरामा प्रदेशस्तरीय अडिसन हुने भएको छ।

आयोजक संस्था 'द हिडन ट्रेजर'ले देशका विभिन्न शहरमा पुगेर नयाँ अनुहार तथा प्रतिभाशाली युवतीहरूको खोजी गर्ने अभियानअन्तर्गत गण्डकी प्रदेशको राजधानि पोखरामा अडिसन गर्न लागेको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । पोखरा छनोटबाट उत्कृष्ट प्रतिस्पर्धीहरूलाई काठमाडौंमा हुने अन्तिम प्रतिस्पर्धाका लागि छनोट गरिने द हिडन ट्रेजरका निर्देशक सुवर्ण क्षेत्रीले जानकारी दिए । यस वर्षको प्रतियोगिताका लागि आवेदन दिने अन्तिम मिति जेठ २५, २०८३ तोकिएको छ भने ग्रान्ड फिनाले आगामी भदौं १६ गते ललितपुरको पुल्चोकस्थित 'द प्लाजा'मा आयोजना हुनेछ। प्रतियोगिताबाट 'मिस नेपाल वर्ल्ड', 'मिस नेपाल कोस्मो' र ' मिस नेपाल इन्टरनेसनल' गरी तीन प्रमुख विजेताको घोषणा गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा सहभागी हुन चाहने युवतीको उमेर १८ देखि २७ वर्षभित्र र न्यूनतम उचाइ ५ फिट ३ इन्च हुनुपर्ने मापदण्ड तय गरिएको छ। नेपाली नागरिकता प्राप्त युवतीहरूका साथै विदेशमा बसोबास गर्ने तथा गैरआवासीय नेपाली (एनआरएन) कार्ड प्राप्त नेपाली युवतीहरूले समेत निःशुल्क आवेदन दिन सक्ने व्यवस्था गरिएको छ । सहभागीहरूले मिस नेपालको आधिकारिक वेबसाइट वा मोबाइल एपमार्फत आफ्नो विवरण दर्ता गर्न सक्नेछन ।। अन्तिम चरणमा छनोट हुने प्रतिस्पर्धीहरूलाई व्यक्तित्व विकास, सञ्चार कला, प्रस्तुति तथा अन्य आवश्यक विषयमा विशेष प्रशिक्षण र ग्रुमिङ प्रदान गरिने आयोजकको भनाइ छ।

**सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने बारे ३५ दिने जरूरी सूचना**

प्रकाशित मिति २०८३/०२/१९ गते

विभिन्न समयमा यस शीतल बचत तथा ऋण सहकारी संस्था लि. को सदस्य बनि बचत तथा ऋण कारोबार गरेका र बिगत लामो समयदेखि संस्थाको सम्पर्कमा नरहेका, नियमित बचत नगरेका बार्षिक साधारण सभा लगायत संस्थाको कुनै पनि कार्यक्रमहरुमा उपस्थित नभएका साथै सदस्य पहिचान फारम (KYM) विवरण अद्यावधिक नगरेका सदस्यहरुलाई ३५ दिन भित्र यस संस्थामा सम्पर्क गरि सदस्य पहिचान फाराम (KYM) विवरण अद्यावधिक गरी आफ्नो कारोबार नियमित गर्नुहुन अनुरोध गर्दछौं । अन्यथा खाता बन्द गरि रकम भुक्तानी लिई जानुहुन यो सूचना प्रकाशित गरिएको छ । सहकारी ऐनमा ब्यवस्था र संचालक समितिको निर्णय बमोजिम त्यस्ता सदस्यहरुको सदस्यता खारेज गरि त्यस बापतको जम्मा रकमलाई दायित्व हिसाव खातामा लेखाङ्कन गरिनेछ र भुक्तानी माग्न आएको बखत भुक्तानी दिइने ब्यवहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

शीतल बचत तथा ऋण सहकारी संस्था लि
पोखरा-१७, छोरेपाटन
०६१४५४३४४, ९८५६०६५३२५

**सार्वजनिक सूचना**

कास्की जिल्ला पोखरा महानगरपालिका-१३ (ना.प्रा. नं. ४४७३८) बस्ने धनमाया तामाङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १३ को कित्ता नं. ५९ को क्षेत्रफल २७७.२५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ कि.नं. ६० को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १३ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००३४५३ | नरेश जि.सी. | लामाचौर ३, कास्की |
| २ | ULI ४१६००००४५५ | डिल्ली राम अधिकारी | लाहाचोक ५, कास्की |
| | ULI २०५००००६२२ | सुबेरिन सापकोटा/ सुनिल सापकोटा | भरतपुर १५, चितवन |

# बालोदयमा अभिभावकहरूका लागि उत्प्रेरणामूलक कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ




बिरौटास्थित बालोदय सेकेण्डरी स्कुलमा नर्सरी देखि कक्षा १० सम्मका विद्यार्थीहरुका अभिभावकहरूका लागि उत्प्रेरणामूलक कार्यक्रम संचालन भएको छ।

जेठ १६ र १७ गते विद्यालयको नवनिर्मित भवनको सभाहलमा सञ्चालित उक्त कार्यक्रमको सहजिकरण वरिष्ठ मोटिभेटर, लाइफ कोच तथा कर्पोरेट एक्सपर्ट डा. रबिन कटवालले गर्नुभएको थियो।

"संस्कार सहितको शिक्षा" शिर्षकमा सञ्चालित उक्त कार्यक्रमलाई दुवै दिन बिहानी र दिवा गरी दुई सत्रमा बाडिँएको थियो । पहिलो दिनको बिहानी सत्रमा नर्सरी देखि कक्षा १ तथा दिवा सत्रमा कक्षा २, ३ र १० मा अध्ययनरत विद्यार्थीहरुको उपस्थिति रहेको थियो भने दोस्रो दिनको बिहानी सत्रमा कक्षा ४, ५ र ९ तथा दिवा सत्रमा कक्षा ६, ७ र ८ मा अध्ययन गर्ने विद्यार्थीहरुका अभिभावकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रमका प्रमुख प्रशिक्षक चिरपरिचित उत्प्रेरक डा. कटवालले जीवनमा सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षा र संस्कार भएकाले बालबालिकाहरूलाई संस्कारयुक्त शिक्षा प्रदान गरी सफल मात्र होइन असल नागरिक बनाउनुपर्ने बताउदै छोराछोरीहरूलाई संस्कार सिकाउनका लागि आमाबाबुहरू पनिनैतिकवान बन्नुपर्ने कुरामा जोड दिनुभयो । प्रशिक्षक कटवालले सम्पूर्ण अभिभावकहरूले आफ्ना बालबालिकाहरूका लागि थोरै भए पनि समय छुट्याएर पारिवारिक तथा सामाजिक वातावरणमा घुलमिल गराउदै पढाइमा ए+ ल्याउने मात्र होईन बाबुआमाको महत्त्व बुझ्ने र आत्मनिर्भर बनाउनुपर्ने, ग्लोबल सिटिजन बन्न मात्र होइन सभ्य नागरिक बन्न पनि सिकाउनुपर्ने, अन्तरिक्षमा पुग्ने रकेटसँगै घरखर्चको बजेट पनि बुझाउनुपर्ने तथा विदेशमा गएर पैसाको दास बन्ने भन्दा पनि देश बदल्न सबैको आश बन्न सिकाउनुपर्ने कुरालाई विशेष जोड दिनुभयो । शैक्षिक तथा मनोसामाजिक परामर्शकर्ता समेत रहनुभएका डा. कटवालले विभिन्न उदाहरणहरू तथा कथा सन्दर्भहरू जोड्दै उपस्थित सहभागीहरूलाई मन्त्रमुग्ध पारी असल अभिभावक कसरी बन्ने विषयलाई निकै रोचक र प्रभावकारी ढङ्गले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा विद्यालयका प्रबन्ध निर्देशक दुर्गादत्त पगेनीले उपस्थित सम्पूर्णलाई स्वागत गर्दै कार्यक्रमको औचित्यबारे प्रष्ट पार्नुभएको थियो भने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमला पगेनीले कार्यक्रमको अन्त्यमा काठमाडौंबाट आफ्नो व्यस्त समयका बावजुद बालोदयमा प्रशिक्षण दिन आई अत्यन्त मर्मश्पर्शी तवरले सहभागीहरूलाई उत्प्रेरणा दिनुभएकोमा डा. रबिन कटवाललाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले घरका महत्त्वपूर्ण कार्यहरूलाई थाती राख्दै कार्यक्रममा उपस्थित अभिवावकहरूलाई सक्रिय सहभागिताका लागि आभार व्यक्त गर्दै कार्यक्रमलाई भव्य तथा सभ्य रुपमा सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूलाई समेत धन्यवाद व्यक्त गर्नुभयो ।

विद्यालयका प्राचार्य टेकनाथ पौडेलले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा छात्राहरुले स्वागत नृत्य प्रस्तुत समेत गरेका थिए।

# रासस गण्डकी प्रदेश प्रमुख पौडेललाई मिलेनियम ट्रेक अवार्ड प्रदान गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

मिलेनियम ट्रेक व्यवस्थापन समितिले राष्ट्रिय समाचार समिति(रासस) गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेललाई मिलेनियम ट्रेक अवार्ड प्रदान गर्ने भएको छ।

समाचार सम्प्रेषणका माध्यमबाट नेपालको पहिलो मध्यपहाडी पदमार्ग मिलेनियम ट्रेकको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै आगामी जेठ २३ गते नेपाल पर्यटन बोर्डको केन्द्रीय कार्यालय काठमाडौंमा एक समारोहका बीच पौडेललाई अवार्ड प्रदान गरी सम्मान गर्न लागिएको हो ।

उहाँलाई १५ हजार पाँच सय ५५ रुपैयाँ नगद सहित दोसल्ला र सम्मानपत्र सहित अवार्ड प्रदान गर्न गर्न लागिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो। अर्वाडका लागि एक लाख ११ हजार १११ रुपैयाँ अक्षयकोष राखिएको छ । यस अघि उक्त अवार्डबाट टान गण्डकी एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष डम्बर केसीलाई सम्मान गरिएको थियो ।

अवार्डबाट सम्मानित बन्न लाग्नुभएका पौडेल यस अघि राष्ट्रिय समाचार समितिबाट दुई पटक वर्ष उत्कृष्ट आलेख पुरस्कार प्राप्त गर्नुभएको थियो ।

उहाँले पत्रकारिताका माध्यमबाट समाजमा योगदान पुऱ्याएवापत पोखरा बृद्धाश्रमद्वारा सञ्चालित ऋषिलिला पत्रकारिता पुरस्कार, गुरुङ पर्यटन व्यवसायी संघ(जिटिन) गण्डकी प्रदेशबाट पत्रकारिता सम्मान, पर्यटन यातायात व्यवसायी संघ(एनटिभिए) गण्डकी प्रदेशबाट पत्रकार सम्मान, दहचोक एकता सम्मान, चन्द्रागिरी पत्रकार सम्मान, अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कार, गाउँ पर्यटन पत्रकारिता पुरस्कार, लेखनाथ पत्रकारिता पुरस्कार, संरक्षण पत्रकारिता पुरस्कारका साथै एगा, टेवान सहितका पर्यटनसम्बद्ध संघसंस्था, एग्रो टुरिज्म सहकारी, सिलिङ्गे महिला चेतना समूह, मिलनसार सहकारी लगायत दर्जनौं संघसंस्थाबाट पुरस्कृत तथा सम्मानित बनिसक्नुभएको छ । बि.सं.२०६३ सालदेखि राससमा आवद्ध पौडेल त्यस अघि जनमन्थन साप्ताहिकमा स्तम्भ लेखनका साथै कीर्तिपुरबाट प्रकाशित इभिनिङ टाइम्स साप्ताहिकमा सह सम्पादक, स्वर्णिम सन्देश साप्ताहिकमा सम्पादकको जिम्मेवारी सम्हाल्नु भएको थियो । पौडेल पोखराका पर्यटन सम्बद्ध संघ संस्थाहरूको छाता संगठन पोखरा पर्यटन परिषद्का प्रेस सल्लाहाकार समेत हुनुहुन्छ ।

तनहुँको दुलेगौडाबाट स्याङ्जाको रामबाछा जोडिने मिलेनियम ट्रेक सन् २००० देखि औपचारिक रुपमा सञ्चालनमा आएको हो । हिमाली एवम् पहाडी भूदृश्यहरू अवलोकन गर्दै बालकदेखि बृद्धसम्म सबै उमेर समूहका व्यक्तिले पदयात्रा गर्न सक्ने यस पदमार्गमा विभिन्न ऐतिहासिक कोट, दरबार, गुफा आदिको अवलोकन गर्न सकिन्छ । छ रात सात दिनको समयावधिमा पदयात्रा गर्न सकिने यो पदमार्ग चरा पर्यटनका लागि पनि आकर्षक गन्तव्य हो । तीन सय प्रजातिका चरा पाइने यस पदमार्गका ठाउँ ठाउँमा नेपालमा मात्रै पाइने चरा काँडे भ्याकुर प्रशस्त मात्रामा देख्न सकिन्छ ।

# निःशुल्क मुटु परीक्षण शिविरबाट एक हजारभन्दा बढी लाभान्वित

**पोखरापत्र संवाददाता**
गोरखा, १८ जेठ

दुईदिने निःशुल्क मुटुरोग परीक्षण स्वास्थ्य शिविरबाट एक हजारभन्दा बढी लाभान्वित भएका छन् ।

रोटरी क्लब अफ गोरखाको आयोजनामा प्रदेश अस्पताल गोरखा र सिरानचोक गाउँपालिका सञ्चालित शिविरमा ७६२ जना र सिरानचोक गाउँपालिकामा आयोजित शिविरबाट २५९ जनाले सेवा लिएको मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरका विभागीय प्रमुख एवं वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिल भट्टराईले जानकारी दिनुभयो। 'सम्भव छ नेपाल, मुटु जोगाउ' काठमाडौंको समन्वय र त्रिवि शिक्षण अस्पतालले प्राविधिक सहयोग शिविर सञ्चालन गरिएको हो ।

यही जेठ १६ र १७ गते सञ्चालित शिविरमा मुटुरोगसम्बन्धी परामर्श, इसिजी र इको कार्डियो जाँचका साथै आवश्यक औषधिहरू निःशुल्क वितरण गरिएको थियो । मुटु जाँच गराएकामध्ये केहीमा बाथ, मुटुरोग, जन्मजात मुटुरोग तथा मुटुको नसा 'ब्लक' हुने जस्ता गम्भीर स्वास्थ्य समस्या रहेको पाइएकाले उनीहरूको थप उपचारका लागि व्यवस्था मिलाउने उहाँले बताउनुभयो।

# चियाबारीको हरियालीमा फक्रिँदै ल्वाङको पर्यटन

**प्रदीपराज वन्त**
कास्की, १८ जेठ



डाँडाभरि फैलिएको हरियो चियाबारी, पृष्ठभूमिमा टल्किरहेका अन्नपूर्ण र माछापुच्छ्रे हिमाल, वरिपरि छरिएका परम्परागत गुरुङ बस्ती र शान्त ग्रामीण परिवेश। यी सबै दृश्य एकै ठाउँमा देख्न पाइन्छ कास्कीको ल्वाङ गाउँमा।

पछिल्ला वर्षहरूमा यही चियाबारी ल्वाङको पहिचान मात्र होइन, पर्यटन विकासको मुख्य आधार बनेको छ। पोखरा महानगरपालिका-२५ हेम्जाबाट खानेपानी, भेडाबारी र खोलामुख हुँदै ल्वाङ गाउँ पुग्न सकिन्छ। पदयात्रा गर्नेहरूका लागि मर्दी खोलाको किनारैकिनार वनपाखा र भिर हुँदै करिब चार घण्टाको रमणीय यात्रा तय गर्न सकिन्छ।

गाउँको माथिल्लो भागमा फैलिएको करिब एक हजार २०० रोपनी क्षेत्रफलको चियाखेतीले यहाँ पुग्ने जो-कोहीलाई पहिलो नजरमै आकर्षित गर्छ। हरियाली चियाका बोटबीचबाट देखिने हिमाली दृश्य र प्राकृतिक शान्त वातावरणले आगन्तुकलाई लामो समयसम्म त्यहीँ रमाउन बाध्य बनाउँछ। स्थानीयवासीका अनुसार ल्वाङको चियाबारीले पूर्वी नेपालको इलामको झल्को दिन्छ। तर, यहाँको चियाबारी केही विशेष पनि छ। ल्वाङमा चियाबारीसँगै अन्नपूर्ण र माछापुच्छे हिमालको दृश्य पनि एकैसाथ अवलोकन गर्न सकिन्छ। यही विशेषताले ल्वाङलाई अन्य ग्रामीण पर्यटन गन्तव्यभन्दा फरक पहिचान दिएको छ। यहाँ उत्पादन हुने चिया विदेशसम्म निर्यात हुँदै आएको छ। चियाखेतीले स्थानीयलाई रोजगारी र आम्दानीको स्रोत प्रदान गरेको छभने पर्यटकका लागि नयाँ आकर्षण थपेको छ। विशेषगरी युवापुस्ताले सामाजिक सञ्जालमा चियाबारीका तस्बिर र भिडियो सार्वजनिक गर्न थालेपछि ल्वाङको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन्।

ल्वाङको पर्यटन केवल चियाबारीमा सीमित छैन। गाउँमा पुग्ने पर्यटकले गुरुङ समुदायको संस्कृति, परम्परा र जीवनशैलीलाई नजिकबाट अनुभव गर्न पाउँछन्। परम्परागत घर, स्थानीय वेशभूषा, सांस्कृतिक प्रस्तुति र आत्मीय आतिथ्यले यहाँको बसाइलाई थप स्मरणीय बनाउने गरेको छ। गाउँमा सञ्चालन भइरहेको घरबास (होमस्टे) कार्यक्रमले पनि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ। विसं २०६७ मा सात घरबाट सुरु भएको घरबास सेवा अहिले २६ घरमा विस्तार भइसकेको छ। एकै रातमा करिब ४०० पाहुनालाई बसोबास गराउन सक्ने क्षमता रहेको घरबासमा पर्यटकीय याममा दैनिक ६०० जनासम्म पर्यटक बस्ने गरेको घरबास सञ्चालक सदस्य देवराज गुरुङले बताउनुभयो।

"यहाँ मुख्य रूपमा आन्तरिक पर्यटक आउने गर्छन्। पोखरा, तनहुँ, स्याङ्जा, बागलुङलगायत जिल्लाबाट पर्यटकको आवागमन बढी हुन्छ," उहाँले भन्नुभयो, "कोभिड-१९ पछि विदेशी पर्यटकको सङ्ख्या केही घटे पनि पोखराबाट नजिकको दूरीमा रहेकाले जुनसुकै मौसममा घुम्न आउनेको कमी छैन।" घरबासमा बस्ने पर्यटकलाई स्थानीय जीवनशैलीसँग घुलमिल हुने अवसर प्रदान गरिन्छ। इच्छुक पाहुनालाई करेसाबारीमा लगेर खेतीपाती गर्ने तरिका सिकाइन्छ भने स्थानीय परिकार बनाउने विधि देखाइन्छ। यसले पर्यटकलाई ग्रामीण जीवनको वास्तविक अनुभव दिलाउने गरेको छ।

ल्वाङको भान्सामा पनि स्थानीय उत्पादनलाई प्राथमिकता दिइन्छ। गाउँमै उत्पादन हुने मकै, कोदो, जौ, गहुँ र तरकारीबाट तयार गरिएका परिकार यहाँको विशेषता हुन्। बर्खायाममा निउरो र टुसाका परिकारले विशेष स्वाद थप्छन्। प्राकृतिक सौन्दर्यका कारण ल्वाङ चलचित्रकर्मीहरूको पनि रोजाइमा परेको छ। नेपाली चलचित्र 'प्रसाद-२' र 'दुई नम्बरी' लगायत चलचित्रको छायाङ्कन यहाँ भइसकेको छ। चलचित्रमार्फत गाउँको सुन्दरता राष्ट्रियस्तरमा थप प्रचार भएको स्थानीयवासीको भनाइ छ।

विदेशी रोजगारीका लागि गाउँ छाडेका केही युवाहरू अहिले फर्किएर पर्यटन व्यवसायमा संलग्न हुन थालेका छन्। घरबास, चियाखेती, कृषि तथा पर्यटनसँग सम्बन्धित अन्य गतिविधिबाट गाउँमै रोजगारीका अवसर सिर्जना हुन थालेपछि युवाहरूमा नयाँ आशा जागेको छ। स्थानीयवासीका अनुसार स्तरीय सडक, पदमार्ग, खानेपानी, होटल तथा अन्य पर्यटन पूर्वाधारको थप विकास गर्न सके ल्वाङले अन्तरराष्ट्रिय स्तरको ग्रामीण पर्यटन गन्तव्यका रूपमा अझ सशक्त पहिचान बनाउन सक्छ। हरियाली चियाबारी, हिमालको अनुपम दृश्य, गुरुङ संस्कृतिको जीवन्तता र आत्मीय आतिथ्यको सङ्गमले ल्वाङ गाउँलाई गण्डकी प्रदेशकै महत्वपूर्ण ग्रामीण पर्यटन गन्तव्यका रूपमा स्थापित गराएको छ। प्रकृतिको काखमा बसेर ग्रामीण नेपालको मौलिक स्वाद लिन चाहनेहरूका लागि ल्वाङ आज एक अविस्मरणीय गन्तव्य बनेको छ।

# तनहुँका नौ पालिकामा रास्वपाको नयाँ नेतृत्व

**पोखरापत्र संवाददाता**
दमौली, १८ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तनहुँअन्तर्गत नौवटा पालिकामा नयाँ नेतृत्व चयन भएको छ।

सङ्गठन विस्तारअन्तर्गत रास्वपाले जिल्लाका दश पालिकामध्ये नौ पालिकामा नयाँ नेतृत्व चयन गरिएको जनाएको छ। अधिवेशनअन्तर्गत व्यास नगरसमितिमा चूडामणि दाहाल, भिमाद नगरसमितिमा उत्तम सुवेशी, भानु नगरसमितिमा विष्णु पोखेल, देवघाट गाउँसमितिमा बलबहादुर क्षेत्री, आँबुखैरेनी गाउँसमितिमा राम श्रेष्ठ, बन्दीपुरमा शम्भु श्रेष्ठ, घिरिङमा प्रेम थापा, शुक्लागण्डकी नगरमा हरिबहादुर खड्का र म्याग्दे गाउँ समितिमा मनोज अधिकारी सभापति चयन हुनुभएको छ।

अब ऋषिङ गाउँ समितिमा अधिवेशन हुन बाँकी रहेको छ। रास्वपाले आगामी असार ७ गते केन्द्रीय महाधिवेशन गर्ने तयारी गरिरहेकाले त्यसअन्तर्गत देशभर सङ्गठन सुदृढीकरण अभियान चलिरहेको छ। तनहुँमा पनि सोही अभियानअन्तर्गत वडा र पालिका तहमा नेतृत्व चयन तथा सङ्गठन पुनःसंरचनाको काम भइरहेको रास्वपा जिल्ला सभापति विश्व बास्तोलाले जानकारी दिनुभयो।

# बागलुङको जैमिनी नगरपालिका बालमैत्री नगर घोषणा

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ जेठ

बागलुङको जैमिनी नगरपालिका बालमैत्री नगरपालिका घोषणा भएको छ। बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिका ५१ सूचक पूरा गरेपछि नगरपालिकालाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आज एक समारोहकाबीच बालमैत्री नगर घोषणा गर्नुभयो।

यसका लागि नगरपालिकाले दुई वर्षयता सामाजिक विकास र बालमैत्री पूर्वाधारमा झन्डै तीन करोड लगानी गरिसकेको थियो। यस अगाडि जिल्लाको बागलुङ नगरपालिका र गलकोट नगरपालिकालाई बालमैत्री घोषणा गरिएको थियो। जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माका अनुसार बालमैत्री पूर्वाधार निर्माण, विभिन्न अन्तरक्रिया कार्यक्रम र वडा- तहमा बालमैत्री सहजकर्ता खटाइएको थियो भने बालमैत्री विद्यालय, बालमैत्री पूर्वाधार र स्वास्थ्य तर्फका सबै सूचक पूरा गरिएको थियो। नगरलाई बालमैत्री घोषणा अघि बालमैत्री विद्यालय भवन निर्माण, खानेपानी, शौचालय लगायतका पूर्वाधार निर्माण गरिएको छ। टोल-टोलमा बालक्लब गठन गर्ने बालबालिकालाई सामाजिक कार्यक्रममा सहभागी गराउने, बालविवाह, बालश्रम अन्त्य गर्ने लगायतका अभियान सम्पन्न भइसकेको र अबको ध्यान नगर घोषणासँगै दीगोपनाका लागि राणनीतिक योजना तयारमा ध्यान गएको शर्माको भनाइ छ।

नगरपालिकाले आगामी दिनमा हुने हरेक विकास निर्माणलाई बालमैत्री बनाइने बताएको छ। बाल बचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी नगरपालिका बालमैत्री बनाइएको हो। विसं २०७९ मा नीतिगत निर्णय गरेर पालिकालाई बालमैत्री शासनयुक्त नगर बनाउने अभियान थालिएको थियो।

# बागलुङको जैमिनी नगरपालिका बालमैत्री नगर घोषणा

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ जेठ

बागलुङको जैमिनी नगरपालिका बालमैत्री नगरपालिका घोषणा भएको छ। बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिका ५१ सूचक पूरा गरेपछि नगरपालिकालाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आज एक समारोहकाबीच बालमैत्री नगर घोषणा गर्नुभयो।

यसका लागि नगरपालिकाले दुई वर्षयता सामाजिक विकास र बालमैत्री पूर्वाधारमा झन्डै तीन करोड लगानी गरिसकेको थियो। यस अगाडि जिल्लाको बागलुङ नगरपालिका र गलकोट नगरपालिकालाई बालमैत्री घोषणा गरिएको थियो। जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माका अनुसार बालमैत्री पूर्वाधार निर्माण, विभिन्न अन्तरक्रिया कार्यक्रम र वडा- तहमा बालमैत्री सहजकर्ता खटाइएको थियो भने बालमैत्री विद्यालय, बालमैत्री पूर्वाधार र स्वास्थ्य तर्फका सबै सूचक पूरा गरिएको थियो। नगरलाई बालमैत्री घोषणा अघि बालमैत्री विद्यालय भवन निर्माण, खानेपानी, शौचालय लगायतका पूर्वाधार निर्माण गरिएको छ। टोल-टोलमा बालक्लब गठन गर्ने बालबालिकालाई सामाजिक कार्यक्रममा सहभागी गराउने, बालविवाह, बालश्रम अन्त्य गर्ने लगायतका अभियान सम्पन्न भइसकेको र अबको ध्यान नगर घोषणासँगै दीगोपनाका लागि राणनीतिक योजना तयारमा ध्यान गएको शर्माको भनाइ छ। नगरपालिकाले आगामी दिनमा हुने हरेक विकास निर्माणलाई बालमैत्री बनाइने बताएको छ।

# सुजन र सरस्वती समाजका उदाहरण

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ जेठ

कुनै समय समाजले प्रश्न उठाएका सुजन र सरस्वतीका सम्बन्ध सबैका लागि २५ वर्षपछि प्रेरणाको स्रोत बन्न पुगेको छ।

सुजन र सरस्वतीले २५ वर्षअघि अन्तरजातीय विवाह गर्नुभएको थियो। त्यो समयमा समाजले अन्तरजातीय विवाह सजिलै स्वीकार गर्दैनथ्यो।

यद्यपि उहाँ दुवैले बागलुङ बजारको मुख्य चोकमा विसं २०६० भदौदेखि दुईवटा मेसिनबाट जनप्रिय टेलर्स स्थापना गर्नुभयो। फलस्वरुप मनग्य आम्दानी मात्र गर्नु भएन, अन्य छ व्यक्तिलाई रोजगारी दिएका कारण समाजमा उहाँहरुको चर्चा चुलिएको छ। सङ्घर्षपूर्ण जीवन पार गर्दै अहिले सफल व्यवसायीका रुपमा आफूलाई स्थापित गरेका खड्काको टेलरिङ व्यवसाय अहिले बागलुङ बजारकै राम्रो चलेको व्यवसायमा पर्छ। कष्टले गाउँबाट सहर छिरेको सो जोडी कुनै बेला समाजबाट अस्वीकार थियो। अहिले त्यही समाजको उद्यमी बन्न सफल भएका छन्। बागलुङ नगरपालिका-१२ अमलाचौरका परियार र बानपा-८ सिगानाकी खड्काबीच विसं २०५७ मा चिनजान भएको थियो। एसएलसी परीक्षा दिन बजार आएकी खड्का र सिलाइ काम गर्दै अध्ययन गरिरहनुभएका परियारबीचको प्रेम सम्बन्ध २०५८ जेठ १९ गते विवाहमा रुपान्तरण भएको थियो। विवाहपछि बुटवलको सुख्खानगरमा बस्दा धेरैनै दुःख पाएका परियारले कुनै बेला बाग्लुङमा कोठा भाडा पाएका थिएनन्। उनकी श्रीमती सरस्वतीलाई माइती पक्षले समेत स्वीकार गर्न १२ वर्ष लगाएको सुजनले बताउनुभयो। अहिले भने दुवैतर्फ पारिवारिक सम्बन्ध सामान्य बनेको छ। मेहनत र ग्राहकको विश्वासले व्यवसाय विस्तार हुँदै गएको उहाँहरुले बताउनुभयो। "अन्तरजातीय विवाह सफल बनाउन आत्मनिर्भर हुनुपर्छ," सुजनले भन्नुभयो। "घरपरिवारको भरमा भन्दा आफैं सक्षम भएर सङ्घर्ष गर्न सक्नुपर्छ," सरस्वतीले भन्नुभयो। समाजमा अझै पनि जातीय विभेदपूर्ण रुपमा अन्त्य नभएको उल्लेख गर्दै उहाँहरुले मान्छेलाई जातका आधारमा विभेद गर्न नहुने बताउनुभयो।


## सवारी साधन खरीद सम्बन्धी शिलबन्दी आव्हान

प्रकाशित मिति २०८३/०२/१९ गते

श्री महेन्द्र माध्यमिक विद्यालय, पोखरा-२० भलाम कास्कीलाई आवश्यक परेको सवारी साधन खरीद गर्नुपर्ने भएकाले तपाईंको प्रतिष्ठित कम्पनीबाट निम्न विवरण अनुसारको सवारी साधनको कोटेशन (मूल्य प्रस्ताव) उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**आवश्यक सवारी साधनको विवरण**
सवारी साधनको प्रकार : टाटा विङ्गर कम्पनी वा अन्य कुनै (सेकेण्ड हेण्ड)
सिट क्षमता : १४ देखि १८ सिटसम्मको हुनुपर्ने छ।
इन्जिन क्षमता (CC) : १८०० देखि २२०० सम्म
इन्धन प्रकार : डिजेल
मोडेल वर्ष : २०१४ देखि २०२५ सम्म
अन्य आवश्यक विशेषताहरु :

**कोटेशनमा समावेश गर्नुपर्ने विवरण :**
१. सवारी साधनको कुल मूल्य (करसहित/कर बाहेक स्पष्ट उल्लेख)
२. भ्याट तथा अन्य कर विवरण
३. वारेन्टी अवधि र सेवा सुविधा
४. डेलिभरी समय
५. भुक्तानी शर्त
६. नागरिकताको प्रतिलिपि
७. विलबुकको प्रतिलिपि
८. नवीकरणको विवरण
९. प्रष्ट देखिने सवारी साधानको फोटो
१०. अन्य सुविधा (यदि कुनै भएमा)

**कोटेशन पेश गर्नुपर्ने मितिः** २०८३/०२/२५ गते ठीक ४:०० बजेभित्र विद्यालयमा बुझाइ दिनुहुन अनुरोध गरिन्छ।
**कोटेशन खोलिने मितिः** २०८३/०२/२६ गते बिहान ९:०० बजे
**थप जानकारीका लागि सम्पर्क नं.**
९८४६०६६३०१, ९८५६०३३१६१, ९८४६६०३११०

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः** वि.सं. २०२६/०९/२१ गते

**स्वर्गारोहणः** वि.स. २०८३/०२/१० गते

**स्व. ईश्वर बहादुर कार्की**

यस श्री गणेश तथा भद्रकाली मन्दिर धार्मिक क्षेत्रको गुठी सम्पती दाता सत्य कुमारी/भक्त कुमारी थपेनी क्षेत्राणी परिवारका बरिष्ठ समाजसेवी हामी सबैका हितैषी भाइ संगै यसै धार्मिक संस्थाका सम्मानित पदेन सदस्यद्वय श्री रिब बहादुर थापाज्यू तथा श्रीमती प्रेम कुमारी के.सी. ज्यूका भतिजा साथै सम्मानित पदेन सदस्य श्री अधिराज्य विक्रम कार्कीज्यूका पूजनीय काका यसै पोखरा महानगरपालिका वडा नं.१२ निवासी **ईश्वर बहादुर कार्की**को ५७ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सम्पूर्ण मन्दिर समिति परिवार अत्यन्तै दुःखीत छौं। उहाँ लगायत उहाँका पूर्वजहरुबाट यस धार्मिक क्षेत्रको चौतर्फी विकास संगै गुठी सम्पती संरक्षण अभियानमा पुल्याउनु भएको अनुलनिय योगदानको उच्च सम्मान सहित सम्झना गर्दै दिवांगत हुनु भएको आज १० दिनको पुण्य तिथिमा हामी उहाँ प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं। साथै यस दुखद घडीमा उहाँका परिवारजन, भाइछोरा, दाजुभाइ, इष्टमित्र, वन्धुवान्धव, संघी साथीभाइ सबैसबैमा धैर्यधारण गर्न सक्ने सक्ति भगवती श्री भद्रकाली माताले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं। अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन।

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**